**स्थानीय राजपत्र**

**केरावारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ४, संख्या १०, १८ माघ २०७७**


**भाग-२**

# केराबारी गाउँपालिकाको कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र संचालन निर्देशिका -२०७७

स्वीकृत मितिः२०७७।१०।१८

**प्रस्तावना :-**

मानव जीवनको अस्थित्व कायम राखी राख्न कृषि क्षेत्रको योगदान अतुलनिय रहेको छ । जीवन गुजारा गर्नका लागि मानवले पहिलो कर्म कृषि नै गरेको थियो यधपी मानवले कृषि कर्म गर्न थालेको लामो कालखण्ड भए पनि यस क्षेत्रको व्यावस्थापन गर्न नसक्दा नेपाल जस्ता

अल्पविकशीत मुलुकहरुका कतिपय स्थानहरुमा कृषि पहिलाको जस्तै गुजाराको माध्यममा मात्र सिमित भएको छ भने कयौ मानिसहरु कृषिक्षेत्रबाट आशातित उपलब्धि हासिल गर्न नसक्दा पेशा प्रतिनै बितृष्णा पैदा भै कृषि कर्म परित्याग गरिरहेका छन । कृषि उत्पादनको मेरुदण्ड मानिने न्युनतम कृषि उत्पादन सामाग्रीहरु मल, बिउ, बिजन, बिरुवा लगाएतका कृषि औजार तथा उपकरणहरु को सहज, सुफत तथा समयमै आपुर्तिमा कठिनाई भईरहेको छ भने अनेकौ हैरानी गरी उत्पादन गरेका कृषि उपजहरुको बजारको समस्या साथै बजारको पहुंचका लागि बिचैलिया गुहार गर्नु पर्ने बाध्यताका कारण किसान सधै निराशा हुनुपर्ने तितो यथार्थ हाम्रा सामु छर्लङ्गै छ । यो बाहेक किसानहरुलाई सहज सूचना तथा जानकारी दिन नसक्नु तथा कृषि ऋण सहजरुपमा उपलब्ध गराउन नसक्ने साथै सरकारी प्रयासका बाबजुत कृषि क्षेत्र मार्फत अगाडी बढ्ने भनी स्थापना भएका संरचनाहरुबाट पनि आशातित उपलब्धी हासिल गर्न कठिन भईरहेको बर्तमान परिस्थितिमा, कृषि उत्पादन सामाग्रीमा सहज आपुर्ति साथै कृषि उपजहरुको सरल बजारीकरण, कृषि सुचना प्रणालिमा ब्यापकता, घरदैलोमा प्रविधिक सेवा दिई ग्रामीण कृषि योग्य क्षेत्रहरुमा कृषि उपजहरुको उत्पादन र बजारीकरणमा सहज बनाई यस पालिकाको कृषि क्षेत्रको व्यावसायिकरण मार्फत सुदृढ मजबुत ग्रामीण अर्थतन्त्र मार्फत सम्बृद्ध केरावारी बनाउने उद्देश्यले केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ को परिच्छेद ५ को दफा ७ ले व्यावस्था गरे बमोजिमको कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र स्थापना तथा संचालन गर्न यो निर्देशिका ल्याईएको हो ।

## परिच्छेद — १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो निर्देशिकाको नाम केराबारी गाउँपालिकाको कृषि सामाग्री आपूर्ती तथा कृषि उपज सङ्कलन केन्द्र स्थापना तथा संचालन निर्देशिका–२०७७ रहेको छ ।

(ख) यो निर्देशिका केरावारी गाँउपालीका ,गाँउ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा :- बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "कृषि" भन्नाले अन्नवाली, दलहन, फलफूल, तरकारी, मसला, नगदेबाली, चिया तथा कफि खेती, मौरी पालन,च्याउ खेती ,रेसम खेती, निजी तथा करार गरिएका जग्गामा गरिएका घाँस तथा डाले रुख एवं जडिबूटीको खेती र तिनको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरणलाई सम्झनु पर्छ ।

(ख) "कार्यालय "भन्नाले केरावारी गाँउपालीका ,गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउछ ।

(ग) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई तथा केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ अनुसार परिभाषीत ब्याक्ती सम्झनु पर्दछ ।

(घ) "कृषि तथा सहकारी शाखा" भन्नाले केरावारी गाँउपालिका अन्तरगत रहेको कृषि तथा सहकारी शाखा सम्झनु पर्दछ ।

(ङ) "कृषि समिति" भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ बमोजिम कार्यपालिका बाट गठित गाँउपालीका स्तरीय कृषि समिति सम्झनु पर्दछ ।

(च) "ऐन" भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ लाई सम्झनु पर्दछ ।

(छ) " सहकारी संस्था" भन्नाले केरावारी गाँउपालिका भित्र रहेका प्रचलित सहकारी ऐन कानुन साथै नियमावली बमोजिम दर्ता भएका संस्था सम्झनु पर्दछ ।

(ज) "अनुदान" भन्नाले यस निर्देशिका अनुरुप संचालन गरिने कार्यक्रमको लाग्ी कार्यालयबाट उपलब्ध गराइने रकम वा जिन्सी सामग्रीलाई सम्झनु पर्दछ ।

(झ) "कृषि सामाग्री आपुर्ति" भन्नाले कृषि उत्पादनका लागी चाहिने मल, बीउ बिजन, कृषि रसायन, बिषाधि, हर्मोन साथै अन्य कृषि औजार उपकरण तथा कृषि उत्पादन, प्रसोधन, भण्डारण, प्याकेजीङ, बजारीकरण संग सम्बन्धीत सामाग्रीहरुको आपुर्ति लाई सम्झनु पर्दछ ।

(ञ) "कृषि उपज सङ्कलन" भन्नाले कृषकहरु बाट उत्पादन भएका कृषि उपजहरुको कृषकहरुलाई दायित्व भुक्तानी हुने गरी सङ्कलन वा खरिद गरिने अप्रशोधित,अर्ध प्रशोधित वा प्रशोधित कृषि उपजहरुको सङ्कलनलाई सम्झनु पर्दछ ।

(ट) "अनुदान ग्राही" भन्नाले यस निर्देशिका अनुसार अनुदान प्राप्त गर्ने कृषि तथा बुउद्देश्यिय सहकारी संस्था तथा अन्य सहकारी आदिलाई सम्झनु पर्दछ ।

(ठ) "स्वीकृत बार्षिक वजेट" भन्नाले केरावारी गाँउपालिकाको चालु आ.व. बाट कृषि विकास कार्यक्रम संचालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ ।

**३. उद्देश्य , कार्य तथा कार्यक्रममा संलग्न हुने संस्था** :- कृषिसामाग्री आपुर्ति तथा कृषि उपज सङ्कलन केन्द्रको उद्देश्य, यस निकायले

गर्नुपर्ने कार्य तथा कार्यक्रममा संलग्न योग्य संस्था देहाय बमोजिम हुनेछन ।

३.१ उद्देश्यहरु

(क) कृषि उत्पादन सामाग्रीहरु सूफत मूल्य मा उपलब्ध गराउने साथै किसानहरु बाट उत्पादित कृषि उपजहरु सङ्कलन गरी बजारिकरण गर्ने ।

(ख) ग्रामिण कृषि सुचना प्रणालीको विकास गरी कृषि क्षेत्रका विकसित प्रविधिहरु किसान समक्ष पुर्याउने ।

(ग) किसानहरुको क्षमता विकास तथा किसान हित सम्बन्धी बिभिन्न किसिमका कार्यक्रमहरु गर्ने ।

(घ) कृषि उत्पादन बाहेक प्रशोधन मार्फत रोजगारीका अवसरहरु बृद्धी गर्ने ।

(ङ) कृषि कार्यमा वितिय श्रोतको अभाव हुन नदिने साथै किसान क्रेडित कार्ड लागु गर्ने

(च) किसानहरुको पहिचान गरी किसानहरुको कल्याणका लागि बिभिन्न किसिमका कार्यक्रमहरु गर्ने ।

(छ) केन्द्रहरु मार्फत कृषि बिमाका कार्यक्रमलाई किसान समक्ष पुर्याउने ।

(ज) आधारभुत तथा तथ्य कृषि तथ्याङ्क गाँउपालिकालाई उपलब्ध गराउने ।

३.२ कार्य तथा सेवाहरु :- कृषि सामाग्री आपूर्ति तथा कृषि उपज सङ्कलन केन्द्र ले गर्नुपर्ने कार्य तथा किसानहरु लाई प्रदान गर्ने सेवाहरु देहाय बमोजिम हुनेछन ।

(क)कृषकहरुलाई सहज रुपमा कृषि उत्पादन सामाग्रीहरु मल, बिउ, कृषि रसायन, औजार उपकरण साथै तिनिहरुका पाटपुर्जा तथा

कृषि उत्पादन संग सम्बन्धित सामाग्रीहरु र प्रशोधन तथा वितरण संग सम्बन्धित सामाग्रीहरु आपुर्ति गर्न सहकारी सुफत मुल्य पसल संचालन गर्नु पर्नेछ ।

(ख)कृषि उपजहरुको बजार सुनिस्चित्ताको लागि स्थानीय स्तरमा किसानहरुबाट उत्पादन भएका कृषि उपजहरुको संकलन गरी प्रशोधित, अर्धप्रशोधित वा सोझै अप्रसोधित बस्तुहरु ग्रेडिङ तथा प्याकेजिङ गरी स्थानिय, राष्ट्रिय साथै अन्तराष्ट्रिय बजारमा बजारीकरण गर्नु पर्नेछ ।

(ग) कृषकहरु लाई कृषि सामाग्री खरिदका लागी वितिय सहजिकरण गर्ने तथा किसान क्रेडित कार्ड लागु गर्न सहजिकरण गर्नु पर्नेछ ।

(घ) बिभिन्न निकायहरु संग समन्वय गरी किसानहरुको क्षमता अभिबृद्धी गर्ने तथा सीप बिकास हुने बिभिन्न सीपयुक्त, ज्ञानबर्दक कार्यक्रमहरु संचालन गर्नु पर्नेछ ।

(ङ) बिमा सेवा प्रदायक कम्पनीहरु संग समन्वय गरी किसानहरुलाई कृषि विमा गर्न अभिप्रेरित गर्ने ।

(च) कृषि सम्बन्धी किसानहरुको माग, चासो, समस्या आपूर्ति प्रणाली तथा भए गरेका कृयाकलापहरुको नियमितरुपमा चौमासिक प्रतिवेदन गाँउपालिकाको कृषि तथा सहकारी शाखामा पेश गर्नु पर्नेछ ।

(छ) सम्पुर्ण कृयाकलापको अभिलेखिकरण गर्नुपर्ने छ साथै दर्तावाल लेखा परिक्षक बाट लेखा परिक्षण गराउनु पर्नेछ ।

(ज) किसानहरु लाई बजार केन्द्रीत उत्पादन गर्न अभिप्रेरीत गर्ने, बिभिन्न किसिमका जनचेतनामुलक कार्यक्रम साथै उत्पादन र उत्पादकत्व बढाउने खालका कार्यक्रमहरु संचालन गर्नु पर्नेछ ।

## परिच्छेद -२

## केन्द्र संचालनको ढाँचा तथा कार्यक्रम संचालन प्रकृया

४. **केन्द्र संचालनको ढाँचा :-** कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र सरकारी सहकारी साझेदारी ढाँचामा संचालन गरिने छ ।

यस्ता केन्द्रहरु स्थापना गर्दा केरावारी गाँउपालिकाको भूगोग, कृषि योग्य भुमी, कृषि उत्पादन, कृषिमा संलग्न जनसङ्ख्या आदीको आधारमा बढिमा ६ वटा सम्म कृषि सामाग्री आपुर्ती तथा कृषि उपज संकलन केन्द्रहरु स्थापना गर्न सहकारीहरु छनौट गरी कार्यक्रम संचालन गरिने छ ।

४.१ केन्द्र स्थापना तथा संचालन गर्ने आधार साथै मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) सहकारी स्थापना भएको कम्तीमा २ बर्ष भई २ पटक लेखा परिक्षण गरी साधारण सभा भएको र संस्थागत व्यावसायिक कार्ययोजना भएको कम्तिमा १०० जना सदश्य भएको सहकारी संस्था हुनुपर्ने छ ।

(ख) केन्द्र स्थापना गर्न ईच्छुक संस्थाका नाममा वा संस्थाले चर्चेको बिभिन्न पुर्वाधार बनाउन मिल्ने कम्तीमा ३ कठा जमिन भएको वा कम्तीमा १५ बर्ष सम्म भाडामा लिएको तथा लिन सक्ने जमिन हुनुपर्ने छ ।

(ग) यातायात, बिधुत, संचार, खानेपानी, ढल निकास जस्ता सुबिधा भएको तथा सुरक्षाका दृष्टीकोण बाट उपयुक्त साथै सवैलाई पाएकपर्ने स्थान हुनुपर्ने छ ।

(घ) केन्द्र संचालन गर्न लागत साझेदार गर्न सक्ने, आर्थिक हिनामिना नभएको, बितिय रुपमा सक्षम, नियमित लेखापरिक्षण गरी

साधारण सभा गरिरहेको सकृय, व्यावसाय गर्न सक्ने संस्था हुनुपर्ने छ ।

**५. सहकारी संस्थाले छनौटको लागि निवेदन दिनु पर्ने** : केरावारी गाँउपालिका कृषि तथा सहकारी शाखाले सहकारी संस्थाहरु छनौटका लागी १५ दिन म्याद राखी सुचना गर्नु पर्नेछ । सुचना निश्कासन भए पस्चात उपदफा ४.१ बमोजिम योग्यता भएका सहकारी संस्थाहरुले कृषि सामाग्री आपूर्ति तथा कृषि उपज सङ्कलन केन्द्र संचालन गर्न चाहेमा देहायका विवरण खुलाई ईच्छुक सहकारीहरुले केरावारी गाँउपालिका कृषि तथा सहकारी शाखा समक्ष निवेदन दिन सक्ने छन ।

(क)सहकारी संस्थाको नाम ठेगाना

(ख) सहकारी संस्थाका सञ्चालकहरुको नाम, थर र ठेगाना सहितको तीनपुस्तेविवरण,

(ग) कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र संचालन गर्नेस्थानकोविवरण,

(घ) संस्थाको आफ्नै भवन तथा पुर्वाधार भए सोको विवरण,

(ङ) सस्थाले उक्त केन्द्रहरुमा लगानी गर्न सक्ने की नसक्ने सोको विवरण ।

(च) केन्द्रको प्रभाव क्षेत्र र लाभान्वित हुन सक्ने अनुमानित उपभोक्ता संख्या,

(छ) वडागत रुपमा प्रतिनिधित्व गर्ने उपभोक्ता सदस्यहरुको संख्या ।

निवेदन साथ सहकारी संस्थाले देहायका कागजात संलग्न गर्नु पर्नेछ :–

(क) सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) सहकारी संस्थाको विनियमको प्रतिलिपि,

(ग) केन्द्र सञ्चालन गर्ने सम्बन्धमा साधारणसभा वा सञ्चालक समितिबाट भएको निर्णयको प्रतिलिपि,

(घ) सहकारी संस्थाको व्यावसायिक कार्य योजना,

(ङ) केन्द्र सञ्चालन गरिने स्थानको स्केच नक्सा,

(च) कृषि सामाग्री आपुर्ती तथा कृषि उपज संकलन केन्द्र स्थापना गरिने स्थानको लालपुर्जा वा भाडामा लिने हो भने कम्तीमा १५ बर्ष भाडामा लिने संझौता ।

६. सहकारी संस्थाको छनौट :- दफा ५ बमोजिम रितपुर्वक निवेदन प्राप्त भएका सहकारी संस्थाहरुको छनौट केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ को दफा ५ बमोजिम गठित कृषि समितिले गर्ने छ । छनौटका लागी कृषि समितिले स्थलगत अनुगमन गर्न तथा अन्य निर्णय लिन बिज्ञहरुको साथै अन्य पदाधिकारीहरुको आमन्त्रण गर्न सक्ने छ । कृषि समिति बाट छनौट भएका संस्थाहरुको नाम गाँउ कार्यपालिकाको बैठक बाट अनुमोदन गराउनु पर्नेछ ।

६.१ कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र संचालन गर्ने सहाकरीहरु छनौट गर्दा दफा ४ को उपदफा ४.१ बमोजिमको आवाश्यक मापदण्ड पुरा गरेका सहकारी संस्थाहरु लाई मात्र स्थलगत अनुगमन गरी छनौट गर्नु पर्दछ ।

६.२ प्रारम्भिक छनौटमा परेकका प्रस्तावहरुको ढाँचामा स्थलगत प्रमाणिकरण गरी त्यसैको आधारमा पुनःमूल्याङ्कन गरिनेछ । अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिए वा क्रियाकलाप सञ्चालन स्थलहरु प्राविधिक

दृष्टिकोणले अनुपयुक्त ठहरिएमा वा आवाश्यक न्यूनतम योग्यता पुरा नभएको भएमा प्रस्ताव स्वतः रद्द हुनेछ ।

६.३ कुनै एकै क्षेत्रमा दफा ५ बमोजिम छनौटको लागि एकभन्दा बढी सहकारी संस्थाको निवेदन पर्न आएमा कृषि समितिले देहायको प्राथमिकताको आधारमा सहकारी संस्थाको छनौट गर्नु पर्नेछ :–

(क) बिगतमा कृषि क्षेत्रमा काम गरेको अनुभव भएको

(ख) सबैभन्दा राम्रो व्यावसायिक कार्ययोजना भएको,

(घ) बढी भन्दा बढी किसानहरुलाई पायक पर्ने स्थानमा केन्द्र सञ्चालन गर्ने अवस्थाको,

(ङ) सहकारीको प्रभावक्षेत्र धेरै साथै किसानको संख्या बढी भएको,

(च) व्यावसाय गर्न लगानी योग्य पुजी भएको तथा किसानलाई बढीभन्दा बढी सेवा सुविधा प्रदान गर्ने क्षमता भएको ।

६.४ यस्ता केन्द्रहरुको संचालनमा क्रमश कृषि तथा बहुउद्देश्य सहकारीहरु लाई प्राथामिकता दिनुपर्ने छ । यदी यी सहकारीहरु अनिच्छुक भएमा वा सम्बन्धीत स्थानमा गएर काम गर्न अनिच्छुक देखिएमा वा तोकिएको मापदण्ड बमोजिम अयोग्य भएमा बचत तथा ऋण सहकारी संस्था पनी छनौट गरि सोही मार्फत यस्ता केन्द्रहरु संचालन गर्न सकिने छ ।

६.५ छनौटमा परेका संस्थाहरुलाई आफूले पेश गरेको व्यावसायिक योजनाको प्रस्तुतिका लागि तथा स्पष्टताका लागि कृषि समिति वा कार्यपालिकाले आवाश्यकता ठानेमा बोलाउन सक्ने छ ।

परिच्छेद -३

## केन्द्र स्थापनाका लागि बितिय व्यावस्थापन साथै आर्थिक अनुदान

**७.** केरावारी गाँउपालिकाले यस निर्देशिका बमोजिम स्थापना गर्ने कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन गर्न छनौट भएका सहकारी संस्थालाई स्वीकृत कार्यक्रम बमोजिम आर्थिक अनुदान उपलव्ध गराउन सक्नेछ । गाँउपालिकाका अतिरिक्त लाभाम्वित सम्बन्धीत वडाहरुले पनि केन्द्र संचालनका लागि कार्यक्रम बमोजिम आर्थिक अनुदान उपलब्ध गराउन सक्नेछन ।

७.१ गाँउपालिका तथा वडा कार्यालयहरु बाट प्राप्त अनुदान सहकारी संस्थाहरुले देहायका क्षेत्रहरुमा मात्रै खर्च गर्न पाउने छ ।

(क) केन्द्र संचालनका लागी तत्काल आवाश्यक पर्ने फर्निचर, मेसिनरी औजार तथा उपकरण, स्टेसनरी खरिद साथै छपाई ईत्यादी ।

(ख) कार्यालय भवन व्यावस्थापन गरी केन्द्र संचालनका लागि मर्मत तथा पुननिर्माण ।

(ग) घर टहरा , गोदाम घर, शौचालय निर्माण , खानेपानी व्यमवस्थापन लगायतका बिभिन्न संरचना निर्माण ।

(घ) व्यावस्थापन सम्बन्धी अन्य तत्काल गर्नुपर्ने कार्य ।

७.२ कृषि सामाग्री आपूर्ति तथा कृषि उपज सङ्कलन केन्द्र स्थापना संचालन तथा यो केन्द्रका लागि आवाश्यक बिभिन्न पुर्वाधार निर्माणका लागि तथा अन्य व्यावस्थापनका लागि गाँउपालिका, लाभाम्वित सम्बन्धीत क्षेत्रका वडाकार्यालयका अतिरिक्त सङ्घिय सरकार तथा सो मातहतका निकायहरु, प्रदेश सरकार साथै सो मातहतका निकायहरु तथा बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रीय गैह्

सरकारी संस्थाहरु, बिभिन्न स्वदेशी तथा बिदेशी दाताहरुबाट आवाश्यक सहयोग लिन सक्ने छन । यस्ता निकायहरुले यही संग मिल्दो कार्यक्रम स्थानीयतहमा संचालन गर्ने हुदा सम्बन्धीत सहकारीलाई प्राथामिकता दिनुपर्ने छ ।

७.३ कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र संचालनको लागि सम्बन्धीत सहकारीले बिभिन्न बितिय संस्थाहरु बाट ऋण लिन सक्ने छ ।

७.४ केन्द्र संचालनका लागि आवाश्यक बिभिन्न किसिमका जनशक्ती व्यावस्थापन , संचालन खर्च लगाएत अन्य काम तथा बिक्री गर्ने कृषि सामाग्रीहरु खरिद गर्दा तथा कारोवार गर्दा लाग्ने बितिय व्यावस्थापन सम्बन्धीत सहकारीले गर्नुपर्ने छ ।

**८. अनुदान रकम भुक्तानी प्रकृया :-** केरावारी गाँउपालिका साथै सम्बन्धित वडा कार्यालयहरुले सहकारी संस्थालाई उक्त केन्द्र संचालन गर्न अनुदान उपलब्ध गराउदा देहायका प्रकृया अपनाउनु पर्नेछ ।

८.१ अनुदानग्राही लाई गाँउपालिकाले अनुदान उपलब्ध गराउदा स्विकृत कार्ययोजनाका आधारमा द्धिपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

८.२ स्विकृत कार्ययोजना बमोजिम तोकिएको मापदण्ड अनुसार आधिकारिक फर्म/संस्थाबाट खरीद गरिएका सामाग्रीहरु, औजार उपकरणहरु तथा पुर्वाधार विकासको अनुदान रकम उपलब्ध गराउँदा बिल भरपाई अनुसार खरिद गरेको सुनिस्चितताको आधारमा अनुदान रकम उपलब्ध गराईनेछ ।

८.३ अनुदानको रकमले जग्गा खरिद गर्न पाउने छैन ।

८.४ सम्बन्धीत सहकारीले शुरुमा आफ्नो लगानीबाट संझौता अनुसारको कार्य सम्पन्न गरि नियमअनुसार विल भरपाई र प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन सहित भुक्तानी को लागि अनुरोध गरे पश्चात गाँउपालिकाबाट स्थलगत अनुगमन गरि अनुदान रकम भुक्तानी हुनेछ ।

८.५ कार्यालयले बिलभरपाई साथै आवाश्यक कागजात पुर्ण रुपमा प्राप्त भएपस्चात समयमै भुक्तानी दिनुपर्ने छ ।यसरी भुक्तानी गर्दा नियम अनुसार करकट्टी बाहेक केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ बमोजीम १% रकम कट्टा गरी कृषि विपत राहत तथा किसान कल्याण कोषमा जम्मा गर्नु पर्नेछ र बाँकी रकम भुक्तानी दिनुपर्ने छ ।

८.६ सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम साझेदारको बैक खातामा भुक्तानी दिइने छ ।

## परिच्छेद -४

## कृषि सामाग्री आपूर्ति तथा कृषि उपज सङ्कलन केन्द्र संचालन सम्बन्धमा

९. **कृषि सामाग्री आपूर्ति तथा कृषि उपज सङ्कलन केन्द्रको काम :-** केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ ले परिकल्पना गरेको साथै यस कार्यबिधि अनुसार संचालनमा आउने कृषि सामाग्री आपूर्ति तथा कृषि उपज सङ्कलन केन्द्रको काम, कर्तब्य र अधिकार यही निर्देशिकाकाको दफा ३ को उपदफा ३.२ बमोजिम हुनेछ । यसका अतिरिक्त गाँउपालिकाले थप जिम्वेवारी दिन सक्नेछ ।

१० . **छुट्टै समिति गठन साथै केन्द्रको दर्ता सम्बन्धमा :-** कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र सम्बन्धीत सहकारीको

अभिन्न अङ्ग रहने भएकाले प्रभावकारी तथा नतिजामुखी संचालनका लागी एक छुट्टै ७ सदश्यिय कृषि समाग्री आपूति तथा कृषि उपज सङ्कलन केन्द्र व्यावस्थापन समितिको गठन गर्नुपर्नेछ ।

१०.१ दफा १० बमोजिम गठन हुने व्यावस्थान समिति देहाय बमोजिमको हुनेछ ।

(क) सहकारीको कृषि उपसमितिको प्रमुख वा संचालक समितिले तोकेको ब्याक्ती संयोजक -१

(ख) संस्थाका व्यावसायिक कृषकहरु वा बाणिज्य क्षेत्रमा दखल तथा अनुभवी ब्याक्तीहरु सदश्य - ४

(ग) कृषि शाखा प्रमुख वा निजले तोकेको सम्बन्धीत वडा हेर्ने कृषि प्राविधिक पदेन सदश्य -१

(घ) कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्रको प्रवन्धनिर्देशक वा व्यावस्थापक सदश्य सचिव -१

१०.२ समितिको गठन :- उपदफा १०.१ बमोजिम गठन हुने व्यावस्थापन समिति पहिलो पटक संस्थाको कार्यसमितिले चयन गर्न सक्नेछ र सो समितिलाई संस्थाको साधारण सभाले अनुमोदन गर्नु पर्नेछ ।दोश्रो पटक देखी संस्थाको साधारण सभाबाट गठन गर्नु पर्नेछ ।

१०.३ समितिको काम कर्तब्य र अधिकार :- दफा १० को उपदफा १०.१ बमोजिम गठन हुने कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र व्यावस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस निर्देशिकाको दफा ३ को उपदफा ३.२ बमोजिमका कार्य पुरा गर्न आवाश्यक व्यावस्था मिलाउने ।

(ख) उल्लेखित उद्देश्य हासिल गर्न बिभिन्न निकायहरु संग समन्वय गर्ने ।

(ग) ब्यापार प्रवर्द्धनका लागी बिभिन्न योजना बनाई कार्यान्वयन गर्ने ।

(घ) सम्बन्धीत क्षेत्रलाई ब्यावस्थित गर्न थप निति नियम बनाउन संलग्न सहकारी संस्था तथा गाँउपालिका लाई सल्लाह सुझाव अनुरोध गर्ने ।

१०.४ समितिको पदावधी : समितिको पदावधी ४ बर्षको हुनेछ ।एउटै ब्यात्ती २ कार्यकाल भन्दा बढी संयोजक रहन पाउने छैन ।

१०.५ समितिको बिघठन :- सम्बन्धित सहकारीको बिनियममा उल्लेख भए बमोजिम हुनेछ ।

१०.५ कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र दर्ता सम्बन्धमा :- कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र लाई दर्ता गर्नुपर्ने तथा संचालन गर्न अनुमती लिनुपर्ने भएमा प्रचलित कानुन बमोजिम आकर्षित हुने कानुन बमोजिम दर्ता गर्नु पर्नेछ ।

११. **कार्यबिधि बनाउनुपर्ने :-** संलग्न सहकारी संस्थाले कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र ब्यावस्थित संचालन गर्न आफ्नै कार्यबिधि बनाउनुपर्ने छ र संस्थाको साधारणसभा बाट कार्यबिधि पारित गराउनु पर्नेछ । यस्तो कार्यबिधि बनाउदा प्रचलित कानुन, केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ साथै यस निर्देशिका बिपरित वा बाझ्ने गरी कार्यबिधि बनाउन पाईने छैन ।

१२. **बिनियम संसोधन गर्नुपर्ने :-** सहकारी सस्थाले कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालनका लागी बिनियममा थप तथा आवाश्यक संसोधन १ बर्ष भित्र गरिसक्नुपर्ने छ ।

१३. **कारोवारको अभिलेख राख्नुपर्ने साथै मुल्य निर्धारण :-** कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र बाट हुने कारोवारको छुट्टै अभिलेख राख्नुपर्ने छ । यस्तो कारोवार दोहोरो लेखा प्रणालिमा राख्नु पर्ने छ । कारोवार डिजिटल माध्याम बाट गर्नुपर्ने छ ।समितिले केन्द्रले बिक्री वितरण गर्ने बस्तु तथा सेवाको मुल्य निर्धाण गरि मुल्य सुची सार्वजनिक गर्नु पर्नेछ साथै यसरी मुल्य निर्धारण गर्दा खरिद मुल्य भन्दा २०% भन्दा बढी नाफा राख्न पाईने छैन ।बिल नदिई सामाग्रीहरुको बिक्री गर्न पाईने छैन ।कारोवारको अभिलेख कृषि तथा सहकारी शाखाले हेर्न चाहेको खण्डमा देखाउनु पर्ने छ ।

१४. **मुनाफा :-** कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र ले गर्ने कारोवार बाट हुने मुनाफा केन्द्र संचालन गर्ने सहकारी संस्थाको हुनेछ । यस्तो मुनाफाको १% रकम बार्षिक केरावारी गाँउपालिकामा भएको कृषि विपद राहत तथा किसान कल्याण कोषमा अनिवार्य जम्मा गर्नु पर्नेछ ।

१५. **कारोवार पेष गर्नुपर्ने :-** कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र ले भए गरेको कारोवारको मासिक, चौमासिक र बार्षीक रुपमा भए गरेको कार्यक्रम तथा कारोवारको विवरण खुलाई कृषि तथा सहकारी शाखामा पेष गर्नु पर्नेछ ।

१६. **डिलरशिप हस्तान्तरण गर्नुपर्ने :-** नेपाल सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरुले उत्पादन वा बिक्री - वितरण गर्ने वस्तुको डिलरशिप वा गाँउपालिका साथै सम्बन्धीत वडाको क्षेत्र भित्र वितरणको एकाधिकार सो गाँउपालिकाका बिभिन्न वडाहरुमा सञ्चालन भएका कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्रलाई दिनु पर्नेछ वा हस्तान्तरण गर्नु पर्नेछ ।

## परिच्छेद — ५
## बिभिद

१७. आर्थिक अनुशासन

१७.१ आर्थिक अपचलन :- केन्द्र संचालन गर्दा वा कारोवार गर्दा संलग्न पदाधिकारीले आर्थिक हिनामिना, अपचलन, साथै केन्द्रको उद्देश्य बमोजिम काम नगरेको पाईएमा वा ठहरिन गएमा संलग्न ब्यात्तीहरु बाट दामाशाही असुलउपर गरी थप प्रचलित कानुन बमोजिम केरावारी गाँउपालिकाले कारवाही गर्ने छ वा सम्बन्धीत निकायलाई कारवाहीको लागी सिफारिस गरिनेछ ।

१७.२ संस्था कालो सुचिमा राखिने :- कृषि सामाग्री आपुर्ती तथा कृषि उपज सङ्कलन केन्द्र संचालनका लागी आवेदन दिई गाँउपालिका बाट छनौट भएका सहकारी संस्थाले उक्त केन्द्र संचालन गर्न ढिलासुस्ती गरेमा वा उद्देश्य अनुरुप काम नगरेमा वा आर्थिक अपचलन तथा हिनामिना गरेमा त्यस्ता सहकारी संस्थालाई कालो सुचिमा राखी सम्पुर्ण सहयोग रोक्का गरीने छ साथै बैङ्क खाता रोक्का राख्न सिफारिस गरी प्रचलित कानुन बमोजिम कारवाही प्रकृया अगाडी बढाईने छ ।

१७.४ उपदफा १७.१ र १७.२ बमोजिम कारवाही गर्नु अगाडी कृषि समितिले सम्बन्धीत सहकारी संस्था वा पदाधिकारीहरु लाई सफाई पेश गर्ने मनाशिव मौका प्रदान गर्नु पर्नेछ ।

१८. **बाधा अड्चन फुकाउने :-** यस निर्देशिका कार्यन्वयन मा कुनै बाधा अड्चन उत्पन्न भएमा तथा कुनै विषय अस्पष्ट भएमा कृषि समितिले निर्णय गरि सो बाधा अड्चन फुकाउन सक्नेछ ।

**१९. खारेजी र संशोधन :-** यो निर्देशिकालाई कार्यपालिकाले आवश्यकता ठानेमा संशोधन वा खारेज गर्न सक्ने छ ।

आज्ञाले,
होम प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत